# बालमजदुर विद्यार्थीहरूको सिकाइको अवस्था

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, शैक्षिक योजना तथा व्यवस्थापन विभाग अन्तर्गत स्नातकोत्तर तह, (एम.एड.) द्वितीय वर्षको **EPM. 598** को आंशिक आवश्यकता पूरा गर्नका लागि प्रस्तुत

## शोधपत्र


**शोधार्थी**

केशव निरौला

परीक्षा रो.नं.: २१४००४३/२०६३

त्रि.वि.वि. दर्ता नं. : २१४८७/८६

शैक्षिक वर्ष : २०६१/०६२



सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

सुन्दरहरैंचा, मोरङ


२०७६

बालमजदुर विद्यार्थीहरूको सिकाइको अवस्था -केशव निरौला

# घोषणा पत्र

म घोषणा गर्दछु कि बालमजदुरी गर्ने विद्यार्थीहरुको सिकाईको अवस्था शीर्षकमा मेरो स्वयम् खोज अनुसन्धानद्वारा तयार पारिएको र आज भन्दा अगाडि कहि कतै पेश गरिएको छैन यो अध्ययन आफैंले तयार पारेको छु ।

केशव निरौला

एम.एड. दोश्रो वर्ष

# कृतज्ञताज्ञापन

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग एम.एड. दोश्रो वर्षको आंशिक आवश्यकता पूरा गर्न बालमजदुरी गर्ने विद्यार्थीहरुको सिकाईको अवस्था शीर्षकमा यो शोधपत्र तयार गरिएको छ ।

प्रस्तुत शोधपत्र तयार गर्ने कार्यमा प्रारम्भ देखि अन्त्य सम्म नियमित सुपरीवेक्षण, मार्ग निर्देशन र अमूल्य सुझाव दिनु हुने शोध निर्देशक श्री गणेशप्रसाद दहाल र विभागीय प्रमुख तथा सहायक क्याम्पस प्रमुख श्री केशवराज भट्टराईज्यूलाई हार्दिक कृतज्ञताज्ञापन गर्दछु । त्यसै गरी प्रशासनिक रुपमा सहयोग गर्नु हुने क्याम्पस प्रमुख चन्द्रमणी राई ज्यू र यस विभागका सम्पूर्ण आदरणीय गुरु ज्यूहरु प्रति आभार प्रकट गर्दछु । मलाईं यो अध्ययनका लागि आवश्यक पर्ने सर्न्दभ सामाग्रीहरु उपलब्ध गराई सहयोग गर्नु हुने सुकुना बहुमुखी क्याम्पस पुस्तकालय परिवारलाई हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

अध्ययनको क्रममा तथ्याङ्क एवं सूचना उपलब्ध गराएर सहयोग पुऱ्याउनु हुने नमूना छनोटमा परेका सम्पूर्ण व्यक्तिहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै अध्ययनको क्रममा अमूल्य सहयोग र सुझाव दिने मेरो परिवारको सम्पूर्ण सदस्यहरू तथा श्रीमति लगायत सम्पूर्ण मित्रहरु प्रति पनि आभार व्यक्त गर्दछु ।

अन्त्यमा यस शोध पत्रलाई कम्प्युटर टाइप गरी विशेष सहयोग पुऱ्याउने मोर्डन कम्युनिकेशन सेन्टरलाई पनि धन्यवाद दिन चाहन्छु ।

**केशव निरौला**

# शोधसार

बालमजदुरी गर्ने विद्यार्थीहरुको सिकाईको अवस्था शीर्षकमा तयार पारिएको शोधपत्रमा मुख्य उद्देश्य बाल मजदुरी गर्ने विद्यार्थीहरुको सिकाईको अवस्था पहिचान गरी सो अवस्थालाई सुधार गर्ने उपायहरुको खोजी गरिएको छ ।

यो अध्ययन परिमाणात्मक र गुणात्मक दुवै अनुसन्धान ढाँचामा आधारित छ । यस अध्ययनमा सामान्य सम्भावनायुक्त नमूना छनौट विधिको प्रयोग गरी माध्यमिक विद्यालयहरूको छनौट गरि सोधकार्यलाई पूर्णता दिईएको छ । उद्देश्यमूलक नमुना छनौट विधिको प्रयोग गरी स्रोतकेन्द्रका स्रोतव्यक्ति, सम्वन्धित विद्यालयका प्रधानाध्यापकहरू, बालमजदुरी गर्ने विद्यार्थीहरु र तिनका अभिभावकहरूलाई छनौट गरि अध्ययन कार्यलाई पूरा गरिएको छ । त्यसैगरी सामान्य सम्भावनायुक्त नमुना छनौट विधिको प्रयोग गरी शिक्षकहरू छनौट गरिएको छ । नमुना छनौटमा परेका व्यक्तिहरूसँग अन्तर्वार्ता, छलफल, प्रश्नावली तथा दस्तावेज पुनरावलोकन जस्ता तथ्याङ्क संकलनका साधनहरूको प्रयोग गरि सिंगो आकारमा ढालिएको छ । अध्ययनमा प्राथमिक स्रोतको रुपमा प्रश्नावली तथा अन्तर्वार्ता र छलफलका माध्यमवाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई लिइएको छ भने सहायक स्रोतको रुपमा विद्यालयको अभिलेखलाई लिइएको छ ।

बालबालिकाहरू आफ्नो अध्ययन गर्ने उमेरमा शारीरिक तथा मानसिक रुपमा असर पुग्ने खालका काममा सम्लग्न भएको भेटियो । बालबालिकाहरू घरेलु श्रमिकका रुपमा आफ्नो तथा अर्काको घरमा काम गरिरहेका, कृषि श्रमिकको रुपमा ज्याला मजदुरी गरिरहेका, यातायात, होटल तथा अन्य क्षेत्रमा बालबालिकाहरूले काम गरिरहेको प्रत्यक्ष देखियो । बालबालिकाहरूले काम गर्ने क्षेत्रमध्ये सवैभन्दा बढी होटल तथा व्यापार श्रमिकका रुपमा २५ प्रतिशत, दोस्रोमा घरेलु श्रमिकको रुपमा काम गरिरहेको अवस्था पाइयो । त्यसैगरी यातायात, कृषि तथा अन्य क्षेत्रमा पनि काम गरिरहेको पाइयो । बालबालिकाहरूले बालमजदुरी गर्नुपर्ने कारणहरूमा अभिभावकहरूमा जनचेतनामा कमी, परिवारको आकार ठूलो हुनु, बालबालिका तथा परिवारका सदस्यहरू रोगी हुनु, परिवारको आर्थिक अवस्था कमजोर हुनु, निशुल्क श्रमिकको रुपमा छोराछोरीको प्रयोग गर्नु, शिक्षकले विद्यालयमा भेदभावपूर्ण व्यवहार गर्नु, विद्यालयको वातावरण बालमैत्री तथा अपाङ्गमैत्री नहुनु, कक्षामा अनुत्तिर्ण हुनु आदि रहेको पाइयो ।

बालबालिकाहरूको बालमजदुरीको अवस्थालाई सुधार गर्न अशिक्षित तथा शिक्षाको महत्व नवुझ्केका अभिभावकहरूलाई शिक्षाको आवश्यकता र महत्व बुझ्फाउनु पर्छ। गरिवी न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गरेर, गरिव तथा जेहेन्दार विद्यार्थीहरूका लागि छात्रवृत्ति वितरण गर्नुका साथै उक्त छात्रवृत्ति रकमको सही सदुपयोग गरेर, विद्यालयमा हुने भेदभावपूर्ण व्यवहारको अन्त्य गर्नुपर्छ। बालबालिकाहरू अनुत्तिर्ण हुने दर घटाउन सकेमा विद्यालय छोड्ने दरमा कमी ल्याउन सकिन्छ।

शिक्षाको लागि सरोकारवाला पक्षहरूलाई बढी जिम्मेवार र उत्तरदायी बनाउने नीतिगत व्यवस्था मिलाउनु पर्छ। आर्थिक रुपमा विपन्न ग्रामिण समुदायका जनसमुदायहरूलाई उनीहरूको आर्थिक स्तर उकास्ने तथा आत्मनिर्भर बनाउने किसिमका कार्यक्रमहरू संचालन गर्नुपर्दछ। छात्रवृत्ति वितरण कार्यलाई समुचित रुपमा लक्षित वर्गको पहिचान गरी वितरण गरिनुपर्दछ। विद्यार्थीहरूको मनोविज्ञानलाई बुझ्फेर पठनपाठन गराउने व्यवस्था गराउनु पर्दछ। पाठ्यक्रम तथा पाठ्यपुस्तकहरू व्यवहारिक र समसामयिक बनाउँदै शिक्षण क्रियाकलापको सम्वन्धित निकायहरूवाट निरन्तर निरीक्षण तथा अनुगमनको व्यवस्था मिलाउनु पर्दछ।

# विषय सूची


| शीर्षक | पृष्ठ नं. |
| --- | --- |
| घोषणा पत्र | I |
| सिफारिस पत्र | II |
| स्वीकृतिपत्र | III |
| कृतज्ञताज्ञापन | IV |
| शोधसार | V |
| विषयसूचि | VII |
| तालिका सूची | X |
| सांक्षेपिकरणको पुरा रूप | XI |

परिच्छेद एक : परिचय

| | | |
| --- | --- | --- |
| १.१ | अध्ययनको पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ३ |
| १.३ | अध्ययनको औचित्य | ४ |
| १.४ | अध्ययनको उद्देश्य | ५ |
| १.५ | अनुसन्धानात्मक प्रश्न | ५ |
| १.६ | अध्ययनको परिसीमा | ५ |
| १.७ | सम्बन्धित शब्दावलीहरूको परिभाषा | ६ |

परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरावलोकन तथा सैद्धान्तिक खाका

| | | |
| --- | --- | --- |
| २.१ | सम्बन्धित साहित्यको पुनरावलोकन | ७ |
| २.२ | अध्ययनको सैद्धान्तिक खाका | १० |
| २.३ | शैक्षिक उपादेयता | १२ |

परिच्छेद तीन : अध्ययन विधि

| | | |
| --- | --- | --- |
| ३.१ | अनुसन्धानात्मक ढाँचा | १४ |
| ३.२ | तथ्याङ्क संकलन प्रक्रिया | १४ |
| ३.२.१ | जनसंख्या | १४ |
| ३.२.२ | नमूनाको आकार | १४ |

३.२.३. नमूना छनोट विधि १५
३.२.४ नमूना छनोटको आधार १५
३.३ तथ्याङ्क संकलनका साधनहरू १५
३.३.१ अन्तरवार्ता अनुसुची १५
३.३.२ प्रश्नावली १६
३.४ तथ्याङ्कका सोतहरू १६
३.४.१ प्राथमिक स्रोत १६
३.४.२ सहायक स्रोत १६
३.५ तथ्याङ्क विश्लेषण प्रक्रिया १६
परिच्छेद चार : तथ्याङ्कको व्याख्या तथा विश्लेषण
४.१ सार्वजनिक माध्यमिक विद्यालयमा बालश्रमको अवस्था १७
४.१.१ सार्वजनिक माध्यमिक विद्यालयको भर्नादर १७
४.१.२ बीचैमा कक्षा छोड्ने विद्यार्थीहरूको विवरण १९
४.१.३ कक्षा दोहोऱ्याउने विद्यार्थीहरू विवरण २१
४.१.४ बालश्रमका क्षेत्रहरू २२
४.१.५ घरेलु श्रमिक २३
४.१.६ कृषि मजदुर २५
४.१.७ होटल मजदुर २७
४.१.८ अन्य क्षेत्र २९
४.२. बालश्रमिक बालबालिकाले विद्यालय छोड्ने कारण ३०
४.३ विद्यालय छोड्ने अवस्थालाई सुधार्ने उपायहरू ३६
परिच्छेद पाँच : प्राप्ति, निष्कर्ष र सुझाव
५.१ प्राप्ति ४२
५.२ निष्कर्ष ४३
५.३ सुझावहरू ४५
**सन्दर्भसूची**
**अनुसूची**

## तालिका सूची

| तालिका | विवरण | पृष्ठ |
|---|---|---|
| १ | माध्यमिक तहको विद्यार्थी भर्नादर र बीचैमा कक्षा छाड्नेदर | १८ |
| २ | बीचैमा विद्यालय छोड्ने छात्रछात्राको विवरण | २० |
| ३ | कक्षा दोहोऱ्याउने विद्यार्थीहरूको विवरण | २१ |
| ४ | बालश्रमका क्षेत्रहरू | २२ |
| ५ | घरेलु श्रमिकका रुपमा संलग्न बालवालिकाहरूको कार्य विवरण | २४ |
| ६ | कृषि मजदुरका रुपमा संलग्न बालवालिकाहरूको कार्य विवरण | २६ |
| ७ | होटल तथा व्यापार मजदुरका रुपमा संलग्न बालवालिकाको कार्यविवरण | २८ |
| ८ | बालवालिकाहरूले विद्यालय छोड्ने कारणहरू | ३१ |
| ९ | विद्यालय छोड्ने अवस्थालाई सुधार्ने उपायहरू | ३७ |

## संक्षेपिकरणको पूरा रूप

| | |
|---|---|
| प्रा.वि. | प्राथमिक विद्यालय |
| नि.मा.वि. | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | माध्यमिक विद्यालय |
| प्र.अ. | प्रधानाध्यापक |
| वि.व्य.स. | विद्यालय व्यवस्थापन समिति |
| शि.वि.स.इ. | शिक्षा विकास तथा समन्वय इकाइ |
| जि.स.इ. | जिल्ला समन्वय इकाइ |
| ILO | International Labour Organization. |